परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक ३४ २०८० चैत २५ गते आईतवार Sunday 7, APR 2024 ❑ पृष्ठः ६, ❑ मूल्य रु. १०/-

## साझा प्रयासद्धारा सुस्ताएको व्यवसायीक तथा आर्थिक क्षेत्रको विकासका लागि प्रर्दशीन



विराटनगर । साझा प्रयास नेपालले सुस्ताएको व्यवसायीक तथा आर्थिक क्षेत्रको विकास र उत्थानका लागि औद्योगिक तथा व्यापार मेला महोत्सव एवंम प्रदर्शनी गर्ने भएका छन् ।

साझा नेपालका अध्यक्ष आशा खड्काले नेपाल पत्रकार महासंघको सभाहलमा पत्रकार सम्मेलन गरी २५ गते आइतबार देखि बैशाख १० सम्म विराटनगर आयल निगम पश्चिम पट्टिको खाली जग्गामा प्रदर्शनी लगाउने जानकारी गराएको हो ।

प्रमुख व्यापारिक केन्द्र विराटनगरमा व्यावारलाई आधुनिकीकरण, विशिष्टिकरण गर्ने मुख्य उद्देश्यका साथ व्यवसायीहरूको हकहितको संरक्षणका लागि सक्षम, सुदृढ, प्रतिस्पर्धी व्यवसायीहरूको आस्था र भरोषा केन्द्रको रुपमा स्थापित गर्ने लक्ष्यका साथ प्रदर्शनी गर्न लागेको अध्यक्ष खड्काले वताएकी थिईन।

संस्थाले नयाँ पन, फरक शैली र विशिष्ट पहिचानका साथ 'स्वरोजगार आत्मनिर्भता हाम्रो आधार, शहरदेखि गाउँ

वांकी अन्तिम

## लागुऔषध सहित १४ पक्राउ

बिराटनगर । मोरङ, झापा, सुनसरी र पाँचथर जिल्लाबाट प्रतिवन्धित लागुऔषध र निषेधित औषधी सहित १४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार शुक्रवार मोरङको विराटनगर-१६ स्थितमा लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा सुनसरी धरान-१६ का २३ बर्षीय युवराज श्रेष्ठको साथबाट १ ग्राम २३ मिलिग्राम ब्राउनसुगर र झापा मेचीनगर नगर पालिका-१२ का ३३ बर्षीय सुबास राईको साथबाट ५३ मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको थियो ।

सोही दिन झापाको मेचिनगर-१० का १८ बर्षीय सिहिल मगरलाई निषेधित औषधी ४१२ ट्याव्लेट सहित ईलाका प्रहरी कार्यालय धुलावारीले र कमल गाउँ पालिका-६ का २७ बर्षीय मदन तिम्सिना र ३८ बर्षीय बुद्धलाल साहुलाई निषेधित औषधी १३५ ट्याव्लेट सहित इलाका प्रहरी कार्यालय दमकले पक्राउ गरेको थियो ।

बिशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पाँचथरबाट खटिएको प्रहरी टोलीले फिदिम-४ का २५ बर्षीय डेविट लिम्वु सहित २ जनालाई ३ ग्राम ३३० मिलिग्राम ब्राउनसुगर र नगद ४१ हजार २६० रुपैया सहित नियन्त्रणमा लिएको थियो ।

झापाको मेचिनगर

वांकी अन्तिम पेजमा...

## गोल्डकपको उपाधी मच्छिन्द्रको पोल्टामा

विराटनगर । आठौं संस्करणको विराट गोल्डकपको उपाधी पहिलो पटक मच्छिन्द्र एफसी काठमाडौंको पोल्टामा परेको छ ।

विराटनगरको सहिद मैदानमा शनिबार राति सम्पन्न भएको फाइनलमा घरेलु टिम सांग्रिला मोरङ एफएलाई २-० गोलले हराउँदै मच्छिन्द्रले उपाधि जितेको थियो ।




उपाधिसँगै मच्छिन्द्रले नगद ११ लाख रुपैयाँ पुरस्कार प्राप्त गरेको थियो रु। उपविजेता बनेको घरेलु टिम सांग्रिलाले ५ लाख ५० हजार रुपैयाँमा चित्त बुझाएको थियो ।


मच्छिन्द्रलाई च्याम्पियन बनाउन छिरिङ गुरुङ र युसुफ थपलियाले गोल गरेका थिए । उनीहरुले दुवै गोल अतिरिक्त समयमा गरेका थियोरु। निर्धारित ९० मिनेटको समयमा गोलरहित खेल बराबारी भएपछि ३० मिनेटको अतिरिक्त समय थप गरिएको थियो ।

प्लेयर अफ द म्याच मच्छिन्द्रका लकेन लिम्बू घोषित भएका थिए रु। उनले नगद ११ हजार प्राप्त गर्न सफल भएको थिए ।

बेस्ट गोलकिपर मच्छिन्द्रका विशाल श्रेष्ठ, बेस्ट कोच मच्छिन्द्रकै सन्तोष न्यौपाने र सर्वाधिक गोलकर्ता मच्छिन्द्रका स्टेफन घोषित थिएरु। उनीहरुले जनही २१ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका थिए । सर्वोत्कृष्ट खेलाडी सांग्रिलाका महेन्द्र कार्की घोषित भएरु। उनले मोटरसाइकल प्राप्त गरेका छन् ।

विजेता हुने खेलाडीहरुलाई कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की, विराट गोल्डकप ट्रष्टका अध्यक्ष किशोर शाहीलगायतले पुरस्कार वितरण गरेका थिए ।



परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## सरकारी...

पाखिबास ४ मा संस्थाकै नाममा अर्को भवन निर्माण गरिरहेकी छन्। सो भवनको लागि अघिल्लो आर्थिक वर्षमा प्रदेश सरकारले १० लाख रुपैयाँ बजेट बिनियोजन गरेकोमा चालु आर्थिक वर्षमा १ करोड रुपैयाँ बिनियोजन गरेको छ।

पाखिबास ४ मा बन्दै गरेको भवनको जग्गा भने संस्थाकै नाममा रहेको राज्यमन्त्री थापाले बताएकी छन्। त्यहाँ अस्पताल बनाउन लागेको उनको भनाइ छ। सो भवन निर्माणको लागि प्रदेश सरकारले सहरी विकास कार्यालय धनकुटाबाट बजेटराखेको थियो। त्यो बजेटबाट टेण्डर आह्वान भइसकेको कार्यालय का प्रमुख शुरेशप्रसाद साहले जानकारी दिए।

पाखिबास ४ मारहेको संस्थाको बन्दै गरेको जग्गामा भवन बनाउन प्रदेश सरकार मात्र नभएर संघीय सरकारले पनि बजेट बिनियोजन गरेको पाइएको छ। संघीय सहरी विकास आयोजना कार्यालय धनकुटामार्फत चालु वर्षमा भवनको लागि ८० लाख रुपैयाँ बिनियोटजन भएको थियो। कार्यालयका इञ्जिनियर अभिषेकराज शाहीले भवन निर्माणको लागि सम्झौता भएर प्रक्रियामा गएको बताए। प्रदेशको बजेबाट बनिरहेको भवनको छेउमा अर्को भवन संघीय बजेटबाट बन्ने उनको भनाइ छ।

पाखिबास ८ माराज्य मन्त्री थापाको निजी जग्गामा बन्दै गरेको भवनमा चालु वर्षमा पर्यटन मन्त्रालय अन्तर्गतरहेको पर्यटन विकास आयोजनाले बिनियोजन गरेको बजेट पनि कार्यान्वयन प्रक्रियामा लगेको छ। केयर वुमन शान्ति पार्क तथा पर्यटन पूर्वाधार निर्माणको नाममा चालु वर्षमा छुट्टिएको २५ लाख रुपैयाँ बजेटबाट काम अगाडि बढाउन आयोजनाले लागत स्टिमेट तयार गरिसकेको छ। काम अगाडि बढाउन सम्झौताको अन्तिम चरणमारहेको आयोजना स्रोतले जनाएको छ।

आयोजनाले गत वर्ष पनि सोही शिर्षकमा १० लाख रुपैयाँ बजेट खर्च गरेको थियो। निजी जग्गामा सरकारी बजेट पटक-पटक लगानी गरेको विषयमा पर्यटन विकास आयोजनाका प्रमुख कुलदिप यादवले भने स्पष्ट जवाफ दिएनन्। 'त्यसो नहुनुपर्ने हो, निजी जग्गामा सरकारी बजेट लगाउन त मिल्दैन' उनले भने, 'म बाहिर छु कार्यालयमा पुगेर कागजात हेरेपछि मात्र स्पष्ट हुनेछ।'

धनकुटास्थित सहरी विकास कार्यालयका प्रमुख रहेका सुरेशप्रसाद साहले चालु वर्षमा पाखिबास ४ मा बन्दै गरेको भवनको पुर्जारहेको बताउँदै पाखिबास ८ मा पहिले बनेको भवनबारे भने जानकारी नभएको प्रतिक्रिया दिएका छन्। त्यसबारे कार्यालयमा भएको कागजात हेर्नुपर्ने उनको भनाइ छ। हाम्रो मतबाट संभार

## साझा...

सम्म व्यपार विस्तार' भन्ने मुलनाराका साथ आयोजना गरिएको प्रदर्शनीमा ८० भन्दा बढी स्टलहरु राख्ने भएको छन्। प्रदर्शनी भरीमा ३ लाख भन्दा बढी दर्शकहरुले अवलोकन गर्ने अपेक्षा आयोजकले लिएको छ।

प्रदर्शनीमा दैनिक उपभोग्य वस्तु तथा सेवा, साना तथा घरेलु उत्पादन, जडिबुटी तथा कृषि उत्पादन, औद्योगिक मेशिनरी तथा उपकरण, हस्तकलाका उत्पादन, इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल्स, मोवाइल, सूचना प्रविधि, टेक्सटाइल्स, गार्मेन्ट्स तथा फुटवेयर, फर्निचर तथा फर्निचरका सामाग्री, निर्माण सामाग्री, शैक्षिक, स्वास्थ्य, बैंक तथा वित्तिय संस्था, होटल तथा रेष्टुरेण्ट रहने छ भने दैनिक रुपमा स्थानीय तथा राष्ट्रिय कलाकारहरुद्धारा सांगिति प्रस्तुती समेत रहने छ।

मेला प्रदर्शनीमा राखिने प्रति स्टलको १० हजार शुल्क लाग्ने छ भने प्रदर्शनी अवधिभर करीब ३९ लाख बराबरको आर्थिक कारोबार हुने आयोजकले अपेक्षा लिएको छ। प्रदर्शनीमा सहभागीताको लागि मोरंगको १७ वटै पालिकाहरु पत्रचार गरेका छन्।

## लागुऔषध...

नगरपालिका- ६ मेचीपुल स्थितमा लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपाल तर्फ आउदै गरेका मोरङ उर्लाबारी- २ का २० बर्षीय पवन भट्टराईलाई १ ग्राम ८ सय मिलीग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

प्रहरी चौकी धरमपुर झापाबाट खटिएको प्रहरी टोलीले प्रतिबन्धित औषधी ट्रमाडोल र स्पारस्सटेट गरी जम्मा ३४० ट्याबलेट र नगद १४ हजार ८७० रुपैया सहित शिबसताक्षी नगरपालिका-७ का ३१ बर्षीय कृष्ण चौधरी, ३१ बर्षीय दिपेश चौधरी र ३२ बर्षीय सन्तोष राईलाई पक्राउ गरेको थियो।

त्यसैगरी मोरङको बिराटनगर महानगर पालिका-१५ ढाट स्थितमा भारतबाट नेपालतर्फ आउदै गरेको पैदल यात्री झापा दमक-७ का १९ बर्षीय अमित मल्लिकलाई एभिल, लुपिजेशिक, फेनारागन, डाइजोपाम गरि जम्मा ४० एम्पुल र नाईट्राभेट २४ चक्की सहित लागुऔषध नियन्त्रण ब्युरो बिराटनगर बाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो। त्यस्तै सुनसरीको हरीनगर गाउँपालिका-५ स्थित जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले को. २ ह ६३६७ नम्बरको अटोलाई शंका लागि चेकजाँच गर्दा अटो भित्रबाट लुकाईछिपाई ल्याउदै गरेको अवस्थामा १६ के.जी. लागुऔषध गाँजा बरामद गरेसगै अटो चालक ईनरुवा नगरपालिका ७ का २९ बर्षीय लक्ष्मण मेहता, अटोमा सवार हरिनगर गाऊपालिका ६ का २२ बर्षीय हफरोज मिया र १८ बर्षीय मुर्तुज मियालाई पक्राउ गरेको थियो।

पक्राउ गरेका उनिहरु को थप अनुसन्धान भईरहेको छ।

NO SMOKING

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं,
- शौचालयमा मात्र दिसापिसाब गरौं,
- दिसापिसाब गरि सकेपछि साबुन पानीले मिचीमिची हात धोऔं,
- हत्केला पछाडी, औंलाको बीच, नङ लगायत हातका सबै भागमा कम्तिमा २० सकेण्ड सम्म राम्रोसँग साबुन लागाएर सफा पानीले हात धोऔं,
- सफा कपडा वा तौलियाले हात पुछौं।
जीवानुलगायतको संक्रमणबाट बचौं र बचाऔं।

नेपाल सरकार, विज्ञापन बोर्ड

DAV SCHOOL
ADMISSIONS OPEN

DAV AIMS AT
- Creating world class citizens.
- Ensuring harmonious, purposeful & secure environment.
- Helping child realize his/her dreams
- Holistic development
- Affordable fee

Affiliated to Nepal Board and CBSE (Classes Nursery - XII)

Nursery IX (SEE & CBSE) XI (CBSE) Session : 2081 (2024 -25)

DSDT DAV SCHOOL
BIRATNAGAR 13
021-474319 | 474048 | 9702004755
......... we believe in work not words
Exquisite Infrastructure



ENTRANCE TEST
Wednesday , 28th Chaitra 2080 (10th April 2024) at 10:00am

For details
Contact school office from 8:00am 5:00pm
Ph. No. 021 - 474319, 474048, 9702004755

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

पूर्वाञ्चल निर्मल जल उद्योग
विराटनगर-८ शान्ति चौक

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

मेरिल्याण्ड कलेज परिवार
रंगेली रोड, विराटनगर

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

# पहुँचको आधारमा ब्रह्मलुट

कोशी प्रदेश सरकारमा पहुँचको आधारमा ब्रह्मलुट भई रहको सार्वजनिक भएको छ। त्यसमा पनि आफ्नो पार्टीलाई लोकतन्त्रवादी, जनताको हिमायती भनिने नेपाली काँग्रेस पार्टीका प्रभाव शाली नेता शेखर कोईरालाको आड्डमा कोशी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्री इन्दिरा थापाले प्रदेश सरकारको कोषवाट करोडौको बजेट लिएर धनकुटामा आफ्नै घर निर्माण गरेको छ। उक्त घर धनकुटाको पाख्रिवास नगरपालिकामा आफ्नो परिवारको नाममा रहेको निजी जग्गामा थापाले प्रदेश सरकारको बजेटबाट पटक पटक बजेट हालेर करोडौको घर निमार्ण गरेको विषय कोशी प्रदेशमा अहिले चर्चा पाएको छ।

थापाले प्रदेश सरकारबाट २०७६ सालमा केयर वुमेन नेपाल पाख्रिबास ८ मुगाको नाममा १ करोड १० लाख बजेट विनियोजन भएको थियो। सो बजेटबाट संस्थाकी अध्यक्ष रहेकी थापाले आफ्नै निजी जग्गामा घर निर्माण गरी २०७७ सालमा थापाले पर्यटन वन तथा वातावरण मन्त्रालयबाट पुन : केयर वुमन नेपालको भवन निर्माण गर्न ५० लाख रुपैयाँ बजेट हाल्न लगाएको थियो। त्यति मात्रै हैन, सो योजनामा प्रदेश सरकारले गत आर्थिक वर्षमा १० लाख र चालु आर्थिक वर्षमा पनि २५ लाख रुपैयाँ बजेट खन्याएका थिए। सरकारीको सहयोगबाट संघसंस्थाका भवन बनाउन बजेट बिनियोजन हुने गरेको भएपनि जग्गा संस्थाकै नाममा हुनुपर्ने कानुनी व्यवस्था छ। तर, थापाको निजी जग्गामा सरकारले करिब २ करोड खन्याएर घर निर्माण गरि सकेको छ।

यो त एउटा ठूलो पार्टीको एउटा ठूलो नतोको संरक्षणमा भएको भ्रष्टाचार हो यस्तो त नेपालमा रहेको शेखर कोईराला जस्ता धेरै ठूला नेताहरु छन् तीनीहरुले देशलाई कसरी पहुँचको आधारमा कसरी दोहन गरि रहको छ आम नेपाली जनतालाई प्रष्ट नै छ। नेपालको राजनीतिमा पहुँचको आधारमा गरीने भ्रष्टाचारी नेताहरुलाई आम नेपाली जनताले सबक सिकाउनै पर्छ। अन्यथा यस्ता ठूला पार्टीका ठूला नेताहरुले देश नबेचलान भन्न सकिन्न्। त्यसैले समयमै आम नेपाली जनता सजग हुन आवश्यक छ। यस्ता नेताहरुलाई समाजिक रुपमा वहिष्कार गर्नुपर्छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीागि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री,रु, रे, रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : **बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# लोकतन्त्रका नवयुवराजहरुका अपराध ढाकछोप गर्ने शासकीय दृष्यबाट अपेक्षा के गर्ने ?

शुशीला कार्की

हामी सानो हुँदा नवरात्रीमा विराटनगरको विराटेश्वर काली मन्दिरमा आफ्ना अभिभावक हरूसँग बिहानै सहकालै दर्शन गर्न जाने गरेका थियौं। मन्दिरको आसपास मेला लाग्ने गरेकामा, सडक किनारमा माडवाडी व्यापारी परिवारका स-साना नानीहरूले खेल्ने सामाग्रीहरू बेच्न स-साना पसल राख्ने गरेको देखिन्थ्यो।

दर्शनार्थी आमा-बाबुसँग जाने बच्चाहरूले खेल्ने चिज खरिद गर्न जोड गर्दथे र किन्ने पनि गर्दथे। यसरी व्यापार गर्ने ती व्यापारी परिवारहरूले आफ्ना सन्तानहरूलाई बाल्य कालदेखि नै व्यापारको अभ्यास गराएको देखिएको थियो।

भारतका प्रख्यात व्यापारी मुकेश अम्वानी जो यतिखेर विश्वको ३६औं धनी व्यक्ति हुन्। उनको पिता धिरुभाई अम्बानी सामान्य व्यक्ति थिए, जसले दुःख गरेर सानो-तिनो व्यापारबाट सुरू गरी ठूलो हैसियत बनाउन सफल भएका हुन्।

तिनको परिवार सदैव अनुशासनमा रह्यो, अब तेश्रो पिँढीले पनि व्यापारिक काम काजका सफलतापूर्वक संचालन गरेको देखिन्छ। मुकेश अम्वानी का श्रीमती निता अम्बानीले बेलाबखतमा दिएको अन्तर्वार्ता मा भनेकी छन् कि कसरी उनले उनको सन्तानलाई दिउँसो स्कूलमा खाजा खानमात्र जम्मा पाँच रुपैयाँ दिने गरेकी थिइन्।

इङ्गल्याण्डकी स्वर्गीय महारानी एलिजाबेथका सन्तान प्रायः सैनिक सेवामा थिए वा कायम छन्। वर्तमान राजा चार्सका छोराहरू युवराज विलियम र युवराज ह्यारी सेनामा भर्ती भएका हुन्।

ह्यारी त अफगानिस्तान को युद्धमा पनि सामेल भएका थिए। नेपालको इतिहास हेर्ने हो भने

**नेता पत्नीहरूले महा रानीको भूमिका निर्वाह गर्ने र त्यो जायज ठानिने हो भने हिजोको पञ्चायती व्यवस्था वा राणा शासन पनि त ठिकै थियो भन्नुपर्ने हुन्छ।**

राणाले गरेको एक सय चार वर्षसम्मको शासनकालमा तिनको सन्तानले गर्भमा हुँदा सम्पत्ति र पद पाउने गरेका थिए।

यसरी दरबारियाका सन्तानहरूले काम गरे पनि नगरे पनि जङ्गी पद र बेतन स्वतः पाउने गरेका हुन्।

त्यसबखत जनतालाई गरिने चरम आर्थिक शोषणबाट आफ्ना सन्तान दर सन्तान लाई धन र पद बाँड्ने काम हुँदै आएको थियो।

संसारमा ठूलो परिवर्तन आएको छ। अघि-अघिका राजघराना परिवारका सन्तानहरूले आममानिस सरह युरोप, अमेरिका र केही अफ्रिकी महादेशहरूमा आजभोलि पढ्न लेख्न, व्यापार रोजगार गर्न र परिश्रम गरी आफ्नै बलबुता मा खडा हुने गरेको पाइएको छ।

त्यही छिमेकी मुलुक भारतका पहिलेका राजा-रजौटाको परिवारहरूले पनि जीवन संघर्ष गरेरै चलाएको देखिएको छ। त्यस्तै आज-भोलि राजनीतिमा सामेल हुने वर्गहरूमा पनि वंशवाद को आडमा लाभ लिने गरेको उदाहरण ज्यादै न्युन छ।

तेस्रो विश्वका केही मुलुकहरूमा भने गरिब अनि पिछडिएका देशहरूमा पिता-माता राष्ट्रपति, प्रधानमन्त्री वा मन्त्री भए तिनको शेषपछि पत्नी छोरा-छोरीहरू पनि राजनीतिमा कायम रही पदीय हैसियत आर्जन गरेका प्रशस्त उदाहरणहरू छन्।

भारतको नेहरू परिवार, श्रीलंकाको बन्दरनाइके परिवार, पाकिस्तानको भुट्टो परिवार, इण्डोनेसियाको सुकार्नो परिवार, फिलिपिन्समा मार्कोश परिवार, बंङ्गलादेशको मुजिबुर रहमान परिवार, नेपालमा कोइराला परिवार, एसियाली मुलुकहरूमा थुप्रै त्यस्ता छ्याप छ्याप्ती उदाहरणहरू छन्।

पश्चिमी र अफ्रिकी मुलुकका राजनीतिज्ञहरूको सन्तान दरसन्तानहरूमा भने यस्तो पदीय प्रलोभनको रुझान देखिँदैन। राजाको छोरा राजा भएर गद्दीमा आसिन हुनु भनेको स्वभाविक हो। त्यो आदी-अनादि कालदेखि चली आएको परम्परा हो।

बेलायती इतिहासमा सन् १७५६ देखि १७६८ सम्म पटक-पटक विलियम पिट एल्डर, त्यसपछि उनको छोरा जुनिय पिट योङ्गर १८०४ देखि १८०६ सम्म त्यसबखतका चान्सलर अर्थात् प्रधानमन्त्री एकै परिवारका बाबु छोरा भएको एक मात्र उदाहरण पाइएको छ।

अमेरिकामा दोश्रो राष्ट्रपति जोन आदम (१७९७ देखि १८०१) जसले एक कर्यकाल शासन गरेका थिए, उनका छोरा जन क्विन्सी आदमले छैठौ राष्ट्रपति (१९८९देखि १९९३) को रुपमा शासन गरेको देखिएको छ।

त्यसरी नै दोस्रोपटक जर्ज डब्लु एच बुस जनवरी २० सन् १९८९ देखि २० जनवरी सन् १९९३ सम्म एकचालिसौँ राष्ट्रपति बनेका थिए। उनका छोरा जर्ज डब्लु बुस पनि २० जनवरी सन २००१ देखि २० जनवरी २००९ सम्म त्रिचालिसौँ राष्ट्रपति बन्न सफल भएका हुन्।

अमेरिकामा हालसम्मका कूल ४६ राष्ट्रपतिको संख्या मध्येमा एउटा परिवारका बाबु-छोरा राष्ट्रपति भएका यो मात्र दुई उदाहरण मात्र छन्। अफ्रिकामा नेल्सन मण्डेलाले अफ्रिकी जनताको स्वतन्त्रताका निम्ति जीवनभरि संघर्ष गरेका थिए र निरन्तर २७ वर्षसम्म कठोर जेल जीवन बिताएका हुन्।

उनका परिवारले अफ्रिका को राजनीतिक शासन शक्ति को हालीमुहाली गरी दुरुपयोग गर्ने प्रयास गरेको देखिएन। नेपालमा २०६३ सालसम्म राजपरिवारको वंशवाद चलेका थियो। लोकतान्त्रिक आन्दोलन पछि वंशवाद समाप्त भएको छ। यो परिवार जहिलेसम्म शक्तिमा थियो, त्यतिखेरसम्म परम्परागत रुपमा नै चलेको हो।

२०४६ सालको जनआन्दोलनले प्रजातन्त्र पुनर्स्थापना गरेपछि राज नीतिज्ञहरूको सक्रिय राजनीति शुरु भएको देखिन्छ। क्रमशः तेश्रो विश्वमा रहेको गरिब मुलुक नेपालमा पनि प्रजातन्त्रको स्थापनापछि परिवारवादको सुरुवात भएको हो। किनकि त्यो समयदेखि आजसम्म राजनीतिमा, सत्तामा, उच्च पदहरूमा राजनीतिज्ञका परिवारहरू र तिनको नातागोता नै हाबी भएको प्रष्ट देखिएको छ।

नेपालको राजनीतिमा नातावाद, कृपावाद यति धेरै निरलज्जसँग गरिन्छ कि कुनै

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# सहकारीले महिलालाई आर्थिक रुपमा आत्मनिर्भर बनाएको छ : मुख्यमन्त्री कार्की



विराटनगर ।सहकारीले महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बनाएको कोशीका मुख्यमन्त्री केदार कार्कीले बताएका छन् ।

६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा मूल समारोह समितिले मोरङमा मंगलबार आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री कार्कीले महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर रहेको सहकारी क्षेत्रका साथै समग्र मुलुकको नै अर्थतन्त्र धारासायी बनाउने षडयन्त्र भइरहेको वताएका थिए ।

बैंक, लघुवित्त, सहकारी र साहुमहाजनको ऋणातिर्न नसक्नेहरूलाई कस्ले हिँडाउँदै काठमाडौं पुर्याइ रहेका छन् ? उनले भने, काठमाडौं पुग्नबस भन्दा बढीखर्च हिँडेर जान लाग्छ । ऋणतिर्ने पैसा नहुनेलाई त्यो खर्च कसले दिँइरहेको छ । यो मुलुकको अर्थतन्त्र धारासायी बनाउने हरूले यस्तो गरिरहेको स्पष्ट छ । त्यसैले यी यस्ता आफ्नै खुट्टामा बञ्चरो हान्ने गलत क्रिया कलापमा नलाग्न मुख्यमन्त्री कार्कीले आग्रह गरेका थिए ।

सहकारी डुब्न लागेको सुन्ने बित्तिकै सबै बचत कर्ताले बचत माग्न थालेपछि सहकारी डुब्ने गरेको होइन, उनले भने, सहकारीले विपन्नवर्गका साथै महिलाहरूको जीवनस्तर परिवर्तन भइरहेकोले आफूलाई भनाउँदाहरूको समाजमा मान घटेको छ । त्यसैले पनि सहकारीलाई बदनाम गराउने अनेकौं खेल भइरहेको छ, त्यसबाट सचेत हुनु पर्छ । मधेसमा मिटर ब्याजीको हल्लाले बिपन्न परिवारले घरमा कोही बिरामी हुँदा पनि पैसा दिने कोही नभएकाले अकालमा ज्यान गुमाउनु पर्ने अवस्था रहेको मुख्यमन्त्री कार्कीको भनाई थियो ।

महिलाहरूको सक्रियताले गाउँका सहकारीहरू फष्टाइ रहेको छ । त्यसैले सर्व साधारणको जीवनस्तर परिवर्तन गर्ने सहकारीलाई प्रदेश सरकारले प्रोत्साहन गर्ने र भट्टीमा बेलुका गएर सहकारी डुबाउनेहरूको सूचीप्रदेश सरकार तयार गरिसकेकाले अब चाँडै कारबाहीको दायरामा ल्याउने उनले बताएका थिए ।

सहकारीमा आबद्ध भएकोले विपन्नवर्ग साहू महाजनको ऋणबाट मुक्तभएको छ, उनले भने, केही सहकारीको मालिक नै चोर भएकाले सहकारी क्षेत्र बद्नाम भइरहेको छ ।

मोरङमा १ हजार ४० सहकारीमा २७७ प्रदेश मातहत र ७३३ पालिकाले हेर्छ । जसमा ४ लाख ४३ हजार सेयर सदस्य र २९ अर्ब सेयर पूँजी रहेको प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले जनाएको छ ।

*यो धुमपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,*
*पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।*

# फेला पारेको सवारी साधन सवारी धनीलाई हस्तान्तरण

बिराटनगर । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी सुनसरीमा आयोजित एक कार्यक्रम बिच कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक चन्द्र कुवेर खापुङले ट्राफिक प्रहरीले फेला परेका सवारी साधन सम्पर्कमा आएका सम्बन्धित सवारी धनीलाई हस्तान्तरण गरेका छन् ।

बिहान भएको हस्तान्तरण कार्यक्रममा प्रदेश प्रहरी प्रमुख खापुङले ट्राफिक प्रहरीले फेला पारेको सवारी साधनहरु मध्ये ३ वटा मोटरसाईकल सम्बन्धित सवारी धनीलाई हस्तान्तरण गर्नु भएको थियो ।

हस्तान्तरण कार्यक्रममा वहाँले सम्पुर्ण सवारी धनी तथा चालकहरुलाई आफ्नो सवारी साधन सुरक्षित स्थानमा पार्किङ गर्न तथा सवारी पार्किङ गरे पश्चात ह्वील लक, चेन लक, ह्यान्डिल लक, डिस्क लक अनिवार्य लगाउन र सुरक्षा साइरनहरु सवारीमा जडान गर्नका साथै मानिसहरूको आवत जावत नहुने एकान्त स्थानमा सवारी पार्किङ नगर्न समेत अनुरोध गरेका थिए ।

उक्त कार्यक्रममा सम्वन्धित सवारी धनीले आफ्नो हराएको सवारी साधन फेला पारी आफुहरुलाई जिम्मा दिएकोमा ट्राफिक प्रहरीको प्रसंसा गर्नु भएको थियो ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीमा प्राप्त भएको निवेदनका आधारमा हराएको सवारी साधन खोजी गर्ने क्रममा कोशी प्रदेशका बिभिन्न स्थानमा नक्कली नम्बर प्लेट राखेर चलाएको तथा सवारी साधनको आवश्यक कागज पत्र नभएको २१ वटा मोटरसाईकल, ६ वटा चारपाङ्गे साना सवारी र एउटा अटो टेम्पो ट्राफिक प्रहरीले फेला पारेको छ भने ९ वटा मोटरसाईकल र २ वटा चारपाङग्रे सवारी साधन सम्वन्धित सवारी धनीलाई जिम्मा बुझाई सकेको छ ।

**ट्राफिक नियमको पालना गरौं ।**
**सडक सुशासन कायम गरौं ।।**


## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नरेश राठी
उद्योगी व्यवसायी

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजन खत्री (प्रमुख)
विराट हेल्थ कलेज विराटनगर

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विवेक मालपानी
उद्योगी व्यवसायी

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नन्द किशोर राठी
उद्योगी व्यवसायी

# सरकारी बजेटबाट राज्यमन्त्री थापाले बनाइन् निजी जग्गामा दुई करोडको घर

विराटनगर । कोशी प्रदेश सरकारको आर्थिक मामिला तथा योजनाराज्यमन्त्रीरहेकी इन्दिरा थापाले प्रदेश सरकारको करिब दुई करोड बजेटबाट धनकुटामा आफ्नै घर निर्माण गरेकी छन् ।

धनकुटाको पाखिवास नगरपालिकामा आफ्नो परिवार को नाममारहेको निजी जग्गामा थापाले प्रदेश सरकारको बजेटबाट घर निर्माण गरेकी हुन् ।

प्रदेश सरकार स्थापना भएदेखि नै थापाले लगातार प्रदेश सरकारको बजेट आफ्नो निजी जग्गामा खन्याइरहेको पाइएको छ । प्रदेश सरकारबाट २०७६ सालमा केयर वुमेन नेपाल पाखिबास ८ मुगाको नाममा १ करोड १० लाख बजेट विनियोजन भएको थियो । सो बजेटबाट संस्थाकी अध्यक्षरहेकी थापाले आफ्नै निजी जग्गामा घर निर्माण सुरु गरेकी थिइन् ।

२०७७ सालमा थापाले पर्यटन वन तथा वातावरण मन्त्रालयबाट पुनः केयर वुमन नेपालको भवन निर्माण गर्न ५० लाख रुपैयाँ बजेट लगेको पाइएको छ । त्यति मात्रै हैन, सो योजनामा प्रदेश सरकारले गत आर्थिक वर्षमा १० लाखर चालु आर्थिक वर्षमा पनि २५ लाख रुपैयाँ बजेट बिनियोजन गरेको पाइएको छ ।

निजी जग्गामा भवन निर्माण गर्न प्रदेश सरकारले पटक-पटक के आधारमा बजेट बिनियोजन गर्यो र त्यो बजेट कसरी कार्यान्वयन भयो भन्ने गम्भीर प्रश्न खडा भएको छ । सरकारीको सहयोगबाट संघसंस्थाका भवन बनाउन बजेट बिनियोजन हुने गरेको भएपनि जग्गा संस्थाकै नाममा हुनुपर्ने कानुनी व्यवस्था छ । तर, थापाको निजी जग्गामा सरकारले करिब २ करोड बजेट बिनियोजन गरेर भवन बनाएको छ ।

राज्यमन्त्री थापाकी आमा दुर्गादेवि थापाको नाममारहेको सो जग्गामा भवन निर्माण भइसकेको छ । दाजुहरु विदेशमा बस्ने भएकोले सो जग्गाको भोगचलनराज्यमन्त्री थापाले नै गर्दै आएकी छन् । सो जग्गासँग केहि ऐलानी जग्गा पनिरहेको स्थानीयले बताएका छन् । जग्गामा भवन निर्माणको लागि नक्सापास पनि भएको छैन ।

निजी जग्गामा भवन बनाउन २०७७ सालमा थापाले प्रदेश सरकारमा तीन वटा शीर्षकमा बजेट प्रस्ताव गरेको भएपनि अन्तिम अवस्थामा अर्थ मन्त्रालयका कर्मचारीले थाहा पाएपछि बजेट काटिदिएका थिए । त्यसबेला मन्त्रालयमा रहेका एक कर्मचारीले भने, ‘एउटै संस्थामा घुमाईफिराई तीन शिर्षकमा बजेट राखिएकोरहेछ, त्यो देखेपछि दुई वटा हटाइयो, एउटा भनेराजनीतिक दबाबको कारण हटाउन सकिएन ।’

नेपाली कााँग्रेसका नेता डा.शेखर कोइराला निकट मानिने थापालेराजनीतिक पहुँचको आधारमा बजेट लगेको बताइन्छ । डा.शेखर सँगको निकट सम्बन्धकै कारण कोशी प्रदेशसभा सदस्य भएकी थापा अहिले अर्थराज्यमन्त्री छन् ।

निजी जग्गामा सरकार को बजेट लगेर भवन निर्माण गरेको विषयराज्यमन्त्री थापाले पनि स्वीकार गरेकी छन् । आफ्नो आमाको नाममारहेको जग्गा संस्था लाई पास गर्ने सहमति परिवारमा भएकोले त्यहाँ भवन बनाएको उनको दावी छ । ‘भवन बनेको घर संस्थाको नाममा नभएको सत्य हो, यो विषय पहिले पनि समाचारमा आएकै हो’ उनले भनिन्, ‘तर, आमाको नाममारहेको उक्त जग्गाबाट एकरोपनी संस्थालाई दिने सहमति हाम्रो परिवारमा भइसकेको छ ।’

आमा दुर्गादेवि थापाको नाममा जग्गारहेकोर आमाको निधन भएकोले अब दाजुहरुसँग सल्लाह गरेर जग्गा संस्थाको नाममा पास गरिदिने सहमति गरेको उनले बताएकी छन् । ‘वैशाख २३ गते अमेरिकामारहेका दाई आएपछि केयर वुमेनको नाममा जग्गा पास हुन्छ’ उनले भनिन्, ‘जग्गा संस्थाको नाममा पास गर्ने सहमति परिवारमा भइसकेकोले यो ठूलो विषय हैन,राम्रो काम गर्न खोज्दा मलाई सँधै अबरोध हुन्छ ।’

केयर वुमनले महिला केन्द्रित सामाजिक कार्य गर्दै आएको थापाले दावी गरेकी छन् । विभिन्न स्वास्थ्य शिविर सञ्चालनसहितका गतिबिधि गर्दै आएको उनको भनाइ छ ।

केयर वुमनको नाममै पाखिबास नगरपालिकाभित्रै दुई वटा भवन सरकारी लगानीमा बनिरहेको पाइएको छ । पाखिबास ८ मुगामा आमाको नाममारहेको आफ्नै जग्गामा भवन बनाएकी थापाले

वांकी अन्तिम पेजमा...

# संघको नाम परिवर्तन

विराटनगर । मोरंग व्यपार संघले संस्थानको नाम परिवर्तन गरी मोरंग उद्योग व्यापार संघ राखी अनावरण कार्यक्रम सफलता पूर्वक सम्पन्न गरेको छ ।

बिहीबार नेपाली काँग्रेसका वरिष्ठ नेता तथा संघीय सांसद माननीय डा. शेखर कोइरालाको प्रमुख आतिथ्यतामा मोरंग व्यापार संघको ६७ औं वार्षिक साधारण सभाको समुद्घाटन गरी संघको परिवर्तित नाम मोरङ उद्योग व्यापार संघको अनावरण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको थियो ।

संघका अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य नवीन रिजालको सभापतित्वमा आयोजित उक्त साधारण सभामा विशिष्ठ अतिथिका रुपमा पूर्व रक्षामन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. मिनेन्द्र रिजाल, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल, सार्क चेम्बर अफ कमर्श एण्ड इण्डष्ट्रिजका उपाध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष चण्डिराज ढकाल, कोशी प्रदेशका पूर्व मुख्य मन्त्री माननीय हिक्मत कार्की, संघका निवर्तमान अध्यक्ष प्रकाश मून्दडा र जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद भट्टराई लगायतको उपस्थित रहेको थियो ।

संघका महासचिव अनिल सारडाले संचालन गर्नु भएको थियो । उक्त सभामा संघका, पूर्वअध्यक्षहरु, नेपाल उद्योग परिसंघका केन्द्रीय सदस्य, नेपाल उद्योग परि संघ कोशी प्रदेशका अध्यक्ष, उद्योग संगठन मोरङका अध्यक्ष, प्रहरी प्रमुखहरु, विभिन्न जिल्लाबाट पाल्नु भएका जिल्ला तथा नगर उद्योग वाणिज्य संघका अध्यक्ष तथा प्रतिनिधिहरु, विराट व्यापार संघका अध्यक्ष, विभिन्न वस्तुगत संघका अध्यक्ष तथा प्रतिनिधि हरु, नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरु, मोरंग व्यापार संघको शाखाका अध्यक्ष तथा प्रतिनिधिहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु, नेपाल पत्रकार महासंघ, कोशी प्रदेश र नेपाल पत्रकार महासंघ मोरङका अध्यक्षहरु, प्रेस युनियन मोरङ, प्रेस सेन्टर नेपाल, विभिन्न ट्रेड युनियनका अध्यक्ष एवं प्रतिनिधिहरु, संघका पदाधि कारी एवं कार्यकारिणी समितिका सदस्यहरु, महिला उद्यम तथा युवा उद्यम समितिका संयोजक तथा सदस्हरु, संघका साधारण सदस्यहरु, उद्योगी व्यवसायी हरु, सञ्चार कर्मीहरु लगायत विभिन्न व्यक्तित्व हरुको उपस्थिति रहेको थियो ।

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिनबन्धु गोयल
उद्योगी व्यवसायी एवं समाज सेवी

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जुगल राठी
गोल्ड सिलभर मार्ट विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डि. ए. भी. स्कुल परिवार
रानी, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वैद्य परमेश्वर मुर्मू
जगदम्बा जडीबुटी सेन्टर विराटनगर

## लोकतन्त्रका...

पनि उच्च पदमा नियुक्ति निम्ति पहिलो प्राथमिकता र योग्यता हो सासु, ससुरा, पत्नी बहिनी, छोरा-छोरी, बुहारी, भाइ-भतिजा, ज्वाइँ, सम्धीलगायत हुनुपर्छ। यी नभए दलभित्रको मिलुवा तर भ्रष्ट कार्यकर्ता, चाकरीबाज, त्यसमा पनि बल भएको बुद्धि नभएको हुनुपर्छ।

फेरि यतिखेर त मुलुकमा कस्तोसम्म दृष्य देखिएको छ भने नब्बे प्रतिशत दलीय नेताका पुत्रहरू सुन तस्कर, मानव तस्कर, कमिसन एजेन्ट, भू-माफिया, जलमाफिया, वनतस्कर, कालो बजारियासहित भएजतिका अपराधहरूको नाइके देखापरे।

यी अपराध सञ्चालनका निम्ति शिक्षाको डिग्री चाहिँदैन। अनि क्रान्तिकारी हुन गाऊँ-घरमा एक मानो चामलको भात खान पुग्नेहरूलाई शोषक सामान्ती भन्दै खम्बामा बाँधेर घोचीघोची मार्ने वा ज्युदै खाल्टोमा पुरेर अपराधिक पुरुषार्थ देखाए पुग्छ। त्यस्तालाई क्रन्तिकारीको लेवल लगाउँदै थप अपराध कर्ममा स्थापित गराइँदैछ।

आज गणतन्त्रका नाममा मुलुकमा संसारमा भए जतिका अपराधहरूलाई खुलेआम सञ्चालन गरेरै चलेको छ। खुट्टामा जुत्ता नहुने, आङ्गमा एकसरो लुगा नहुने, पेटभरि खान नपुग्नेहरूको हातमा बन्दुक थमाउँदै सामान्य धनीमानीको घर बास लुट्ने अभियानमा आएको व्यवस्थामा ती बन्द्क उठाउनेहरू हिजो जहाँ थिए, आज त्यहीँ छन्।

बाँचेका छन् भने पनि गोली शरीरमा बोकेर वा अङ्गभंङ्ग भएर बाँचेका होलान् वा जो मरे तिनको सन्तान परिवारको रोदन निरन्तर जारी छ। तिनकाप्रति कसलाई के चिन्ता ? ती मरुन् वा बाँचुन्। प्रजातान्त्रिक आन्दोलनका नेता गणेशमान सिंहले भन्नुभएका शब्दहरू चरितार्थ हुन्छ, 'खोला तर्यो तर लट्ठी बिर्सियो।'

२०४६ साल चै २६ मा बहुदल पुनःस्थापित भएपछि नेताहरूले आचरण बनाइनु पर्थ्यो कि नेताका परिवारलाई राजनीतिमा हाबी हुन दिने सीमा कतिसम्म हो ? राजनीतिज्ञहरूलाई परिवारको सहयोग चाहिन्छ, त्यसमा दुईमत छैन।

तर नेता पत्नीहरूले महारानीको भूमिका निर्वाह गर्ने र त्यो आजका दिनमा पनि हुने जायज हो भने हिजोको पञ्चायती व्यवस्था वा राणा शासन पनि त ठीकै थियो भन्नुपर्ने हुन्छ। रानी-महारानी, राजाका छोरी-बुहारीहरूले चलाएकै त थिए।

गणतन्त्रका नाममा कस्तो व्यवस्था स्थापित छ भने जनता रोजगारी र आय आर्जनको अभावमा व्याकुल छन्। गाउँ-घरमा खान छैन। भोको परिवारको पेटको आगो निभाउन मरे वा मारिएवापत कसैले क्षतिपूर्ति दिन्छ भने पनि नेपाली युवाहरू त्यो मृत्युको मुखमा प्रवेश गर्नसम्म तयार छन्।

कृषि ध्वस्त छ। तस्करका खलनायकहरूले भारतीय बजारबाट तस्करी गरी ल्याएको सामान बिक्री गर्ने माफिया र यिनै नेता पुत्रहरूको कमाउधन्दाका कारण डरलाग्दो विकृति भित्रिएको छ। महँगी शतप्रतिशत वृद्धि भएका कारण जनताले दाल-भात त के खोले पेटभरि खान पाउन पनि सम्भव छैन। जताततै ठगी छ, शोषण र अन्याय अत्याचार र लुटै लुटै छ।

राजनीति गर्ने नेता तिनका कार्यकर्तामा इमान्दारी र स्वच्छ छवि अनिवार्यतः हुनैपर्छ। उपराष्ट्रपतिका छोरा सुन तस्करीमा, पूर्व गृहमन्त्रीका सन्तान शरणार्थी प्रकरणमा, जबकि उच्च पदमा भएका नेता प्रधानमन्त्री वा मन्त्रीका परिवारको त्यस्तो कुनै पनि अपराधमा सामेल भएको रहेको भन्नेसम्मको गन्धसम्म पनि आउनु हुँदैन।

तर यहाँ मान्छे तस्करी, सुन तस्करी, निषेधित वस्तु तस्करी कालाबजारी, कमिसन एजेन्ट, माफियागिरी राज्य शक्तिको आडमा तिनका छोरा सन्तानले नै खुलेआम गर्ने हो भने कस्तो शासन मान्ने हो।

ती नेताहरू जसले मुलुक सुधार्ने भनेर आन्दोलन गरे, क्रान्ति गरे, हतियर उठाए र शोषक सामन्तीका नाममा आमजनताको सफाया पनि गरे। तिनले तत्कालीन शासकलाई सत्ताच्युत गरे। तर आज तिनीहरु सत्तारुढ हुँदै गर्दा तिनका नवयुवराजहरूले गरेको अपराधहरूलाई ढाकछोप गर्ने हो र आफ्ना सन्तानलाई सुधार्न नसक्ने हो भने त्यस्ता वर्गका नेताहरूसँग मुलुक र जनताले के अपेक्षा गर्ने। १२खरीबाट

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

## डाँडाबजार खानेपानीको लागि १ करोड बजेट दिने मन्त्रीको घोषणा



धनकटा। खानेपानी मन्त्री राजेन्द्र राईले धनकुटाको साँगुरीगढी गाउँपालिका-५ स्थित डाँडाबजारमा खानेपानी व्यवस्थापनका लागि एक करोड बजेट उपलब्ध गराउँने घोषणा गरेका छन्। डाँडाबजारस्थित भानु माध्यमिक विद्यालयमा आज बिहान आयोजित बधाई तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री राईले यस्तो घोषणा गरेका हुन्।

सकेसम्म चालु आर्थिक वर्षमै बजेट उपलब्ध गराउँने मन्त्री राईको भनाई छ। चालु आर्थिक वर्षमा उपलब्ध हुन नसके आगामी आर्थिक वर्षमा बजेट उपलब्ध गराइने मन्त्री राईले बताए। 'यहाँको खानेपानी समस्या हल गर्नका लागि सक्दो सहयोग गर्नेछु' मन्त्री राईले भने, 'यही आर्थिक बर्षमा एक करोड बजेट उपलब्ध हुनेछ, यो पटक सकिएन भने पनि अर्को आर्थिक वर्षमा बजेट आउँछ, ढुक्क हुनुहोस्।'

बजेटलाई सही ढंगले खर्च गरेर खानेपानीको समस्या हल गर्न मन्त्री राईले स्थानीय जनप्रतिनिधि, उपभोक्ता समितिका पदाधिकारी लगायतलाई आग्रह गरे। सो अवसरमा साँगुरीगढी गाउँपालिका-५ का वडाध्यक्ष खड्ग लिम्बुले खानेपानीसहित अन्य पूर्वाधार विकासका लागि मन्त्री राईसमक्ष माग पत्र पेश गरेका थिए।

मन्त्री राईले यसअघि धनकुटा बजारको खानेपानी समस्या समाधानका लागि पनि एक करोड उपलब्ध गराउँने उद्घोष गरेका थिए।

**हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

विराटनगर दुग्ध वितरण आयोजना
कंचनवारी, विराटनगर

**हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

NEURO CARDIOMULTISPECIALITY
HOSPITAL PVT.LTD. BIRATNAGAR

**हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

लाईफ गार्ड हस्पिटल परिवार
बरगाछी, विराटनगर

**हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गोल्डेन हस्पिटल परिवार
हस्पिटल चौक विराटनगर